# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, भदौ २० गते २०५१ साल (संख्या २१

## भाग ३

श्री ५ को सरकार

### शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को उप-दफा (४) ले दिएको अधिकार प्रयोग गरी देहायको चार किल्लाभित्रको क्षेत्रलाई स्वयम्भू संरक्षित स्मारक क्षेत्र घोषित गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व –

साविक स्वयम्भू डल्लू गा.पं. वडा नं. ८ भूइँखेल स्थित पर्ति जमीनलाई भित्र पारी भूइँखेलबाट डल्लू जाने सडकदेखि उत्तरतर्फको सोही वडाको नवशामा उल्लेख भएका कि.नं. २५, २४, २३, २२, २१, २०, १९, १८, १७, १६, १५, १४, १३, १२, ११, १०, ९, लाई भित्र पारी कि.नं. १३८ १४० १३९ का कित्ताहरूको पश्चिम सिमानालाई कायम गर्ने गरी कि.नं. १३९ र ६ को उत्तरी सिमाना भगवान् पाउबाट विजेश्वरी जाने पक्की सडकसम्म र उक्त सडकको दक्षिण तर्फ रहेको कि.नं. १५७ को उत्तरतर्फ केही भाग हुँदै उक्त सडकको उत्तरतर्फ रहेको विद्युत् प्राधिकरण स्वयम्भू शाखा भूइँखेलको घर कम्पाउण्डलाई भित्र पारी स्वयम्भू भगवान् पाउबाट सिद्धार्थ वनस्थली बालाजु निस्कने कच्ची सडकसम्म र सोही कच्ची सडकको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दक्षिणी सीमाना हुँदै सडकै सडक साविक स्वयम्भू गा.पं. वडा नं. ४ कि.नं. ८४२ र ६३९ को बीचबाट जाने गरी कि.नं. ८४२ र ६४१ लाई भित्र पारी सोही कित्ताहरूको उत्तरी सिमानासम्म ।

पश्चिम –

साविक स्वयम्भू गा.पं वडा नं. ५ को कि.नं. २६२ ५५२ ४५५ का कित्ताहरूलाई भित्र पारी चक्रपथै चक्रपथ हल्चोक चोक (चक्रपथदेखि स्वयम्भू परिक्रमा पथबाट भगवान् पाउतर्फ जाने स्वयम्भूको पूर्वतर्फको सडक र स्वयम्भूको पश्चिम दक्षिणतर्फ जाने परिक्रमापथ अर्थात किमडोल तर्फजाने सडक जोडिएको चोक) सम्म उक्त चोकदेखि कलंकी तर्फ लाग्ने चक्रपथ हुँदै आनन्दकुटी विद्यापीठको दक्षिणतर्फ साविक स्वयम्भू गा.पं. वडा नं. ३ ख को कि.नं. ४६ लाई भित्र पारी चक्रपथमा जोडिएको कच्ची बाटोसम्म ।

उत्तर –

साविक स्वयम्भू गा.पं. वडा नं. ४ को कि.नं. ८६५, र ११३२, को बीच भागबाट शुरु भै कि.नं. ६०४, ६०५, ६०६, ६०७, ६१३, ६१४, ६१५, ६१६, का कित्ताहरूलाई भित्र पारी स्वयम्भू वारूदखाना व्यारेक रहेको कि.नं. ५२६ को घरकम्पाउण्डको दक्षिणतर्फको गोरेटो बाटो सम्म र सोही घर कम्पाउण्डको दक्षिण गोरेटो बाटो हुँदै कि.नं. ५०१ लाई बाहिर पारी ५०२, ५१४, ४८०,४८१,४८२, का कित्ताहरूलाई भित्र पारी गोरेटो बाटो र नजिकै रहेको खोल्सोसम्म र उक्त खोल्सोको पश्चिमतर्फ रहेको साविक स्वयम्भू गा.पं. वडा नं. ४ को नक्शामा उल्लेख भएको कि.नं. ४७५, ४६७, ४६६, ४६४ लाई भित्र पारी गोरेटो बाटोसम्म। उक्त गोरेटो बाटोदेखि पश्चिम तर्फ साविक स्वयम्भू गा.पं. वडा न. ५ को कि.नं. १४५, १४४ लाई भित्र पारी सोही नक्शाको कि.नं. १०५, १०६, ३७३, ३७६, ३७७, ११७, ६६, र ६५, का कित्ताहरूलाई बाहिर पारी चक्रपथसम्म र सोही चक्रपथबाट हल्चोक चोकतर्फ चक्रपथै चक्रपथ हुँदै सोही नक्शा को कि..नं २६२ को उत्तरी सिमानासम्म।

दक्षिण –

साविक स्वयम्भू गा.पं वडा. न. ३ ख को कि.नं. ४६ देखि दक्षिणमा रहेको कच्ची सडकै सडक हुँदै साविक स्वयम्भू गा.पं. वडा नं. ३ को कि.नं. ६०३ लाई बाहिर पारी कि.नं. ५११, २३८, ४०१, ४००, ५४६, का कित्ताहरूलाई भित्र पारी गोरेटो बाटो सम्म । साविक स्वयम्भू गा.पं. वडा न. २ को कि.नं. ३, १२,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# स्वयंभू संरक्षित स्मारक क्षेत्र

स्केल १ इन्च = १०० फिट




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११, १२७, १०८, ११५, ११६, र ११७, का कित्ताहरूलाई भित्र पारी साविक स्वयम्भू गा.पं. वडा नं. ८ को कि.नं. ४०, ४४, ४५, ४७, ७४, ७५, ७६, ६०, ६१, ६२, र ५४ सम्म र साविक स्वयम्भू वडा नं. २ को कि. नं. १३९ लाई बाहिर पारी किमडोलको गल्लीसम्म र सो गल्लीबाट कि. नं. १४४, १४५ १४३, १२८, र १२९ बाहिर पारी सडकसम्म र साविक स्वयम्भू गा. पं. वडा नं. ६ किमडोलको सडकदेखि पूर्वको कि. नं. २०४, १९३, ४०५, ७४, ८२ लाई बाहिर पारी शाही नेपाली सैनिक अस्पतालको उत्तरतर्फ साबिक स्वयम्भू वडा नं. १ को कि.नं. १९८ देखि दक्षिणतर्फको बाटो हुँदै भूइँखेल चउरको कि. नं. १९ को पर्ति जग्गालाई भित्र पारी डल्लू जाने सडकसम्म ।

खण्ड २८ अतिरिक्ताङ्क ३५ (ख) मिति २०३५।५।१५ को नेपाल राजपत्र भाग ४ मा शिक्षा मन्त्रालयको नामबाट प्रकाशित सूचना खारेज गरिएको छ ।

आज्ञाले,
ईश्वरप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।